# खाँडाचक्र नगरपालिकाको
# पूर्वाधार व्यवस्थापन ऐन, २०७८

**स्वीकृत मिति : २०७८/०३/१०**

**प्रस्तावना** : नगरपालिकाको क्षेत्रभित्र पूर्वाधार संरचनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा ५७ र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम खाँडाचक्र नगरसभाले यो ऐन बनाएको छ ।

परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**
(१) यसको नाम 'पूर्वाधार व्यवस्थापन ऐन, २०७८' रहनेछ ।
(२) यो ऐन राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा–
(क) 'प्रमुख' भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।
(ख) 'उप–प्रमुख' भन्नाले नगरपालिकाको उप–प्रमुख सम्झनु पर्छ ।
(ग) 'नगरपालिका' भन्नाले संविधान बमोजिम स्थापना भएको खाँडाचक्र नगरपालिका सम्झनु पर्छ ।
(घ) 'कार्यपालिका' भन्नाले नगरपालिकाको कार्यपालिका सम्झनुपर्छ ।
(ङ) 'नगरसभा' भन्नाले संविधानको धारा २२३ को उपधारा (१,२,३) बमोजिमको नगरसभा सम्झनुपर्छ ।
(च) 'वडा अध्यक्ष' भन्नाले खाँडाचक्र नगरपालिकाको सम्बन्धित वडाका वडा अध्यक्ष सम्झनुपर्छ ।
(छ) 'कार्यपालिका' भन्नाले खाँडाचक्र नगर कार्यपालिकाको नगरकार्यपालिकालाई सम्झनुपर्छ ।
(ज) 'वडा समिति' भन्नाले खाँडाचक्र नगरपालिकाको सम्बन्धित वडाको वडा समितिलाई सम्झनुपर्छ ।
(झ) 'वडा कार्यलय' भन्नाले खाँडाचक्र नगरपालिकाको सम्बन्धित वडाका सवै वडा कार्यलय सम्झनुपर्छ ।

(ञ) 'पूर्वाधार' भन्नाले यस ऐनमा अनुसूची १ मा उल्लेख भए बमोजिमका बिषयसँग सम्वन्धित भौतिक पूर्वाधारलाई सम्झनु पर्दछ ।

(ट) 'जलस्रोत' भन्नाले नगरपालिका क्षेत्र भित्रको भू–सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ ।

(ठ) 'तोकिएको वा तोकिए बमोजिम' भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ड) 'उपभोक्ता संस्था' भन्नाले पूर्वाधार सेवाबाट लाभ प्राप्त गर्ने समूह वा सामूदायिक संस्थालाई सम्झनु पर्दछ ।

(ढ) 'अमानत' भन्नाले ठेक्कामा नलगाई स्थानीय सरकार आफैंले सिधै सम्पन्न गर्ने निर्माण कार्य वा सेवा सम्बन्धी कार्य सम्झनु पर्छ ।

## परिच्छेद २

## स्थानीय सडक तथा यातायात व्यवस्थापन

३. **स्थानीय सडकहरूको वर्गीकरण** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र सडक बिस्तार गरी यातायात सुविधा उपलब्ध गराउनका लागि आवश्यकता अनुसार सडकहरूको बर्गिकरण र बृहत्तर सडक सञ्जाल गूरुयोजना तयार गर्नेछ ।

(२) **नगरपालिका स्तरमा मूख्यतः निम्नानुसारका सडकहरू रहनेछः**

(क) **पालिका सडकः** नगरपालिकाको मध्य र महत्वपूर्ण स्थानमा रहेको सडक पालिका सडकको रुपमा बर्गिकरण गरिनेछ । यस्ता सडकको चौडाई तोकिए बमोजिम हुनेछ ।

(ख) **वस्ती सडकः** नगरपालिकाका बस्तिहरूमा यातायातको पहुँचका लागि बनाइएका सडकहरूलाई ग्रामिण सडकको रुपमा बर्गिकरण गरिनेछ । यस्ता सडकहरूको चौडाई तोकिए बमोजिम हुनेछन् ।

(ग) **कृषि सडकः** नगरपालिका भित्रका मुख्य मुख्य कृषि उत्पादन क्षेत्र र वजारलाई जोड्ने सडकहरू यस अन्तर्गत पर्दछन् ।

(घ) **घोडेटो मुल बाटोः** मानिस र पशु चौपाया मात्र हिड्ने १ भन्दा वढी गाउँ वस्ती जोडने बाटोलाई घोडेटो मुल बाटो को रुपमा वर्गिकरण गरिनेछ । यसको न्यनतम चौडाई तोकिए बमोजिम हुनेछन् ।

(ङ) **गोरेटो बाटोः** मानिस र चौपाया हिड्ने वस्तीबाट घोडेटो मुलबाटो वा वस्ती सडक सम्म जोडिने अधिकतम १ किमी लम्बाईका सडकलाई गोरेटो बाटो भनिन्छ । यसको चौडाई तोकिए बमोजिम हुनेछन् ।

(च) नगरभित्रका सडकको वर्गीकरण गरी मापदण्ड तोके बमोजिम हुनेछ ।

**४. मापदण्ड निर्धारण गर्ने:**

(१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण हुने र भएका सडकहरूको मापदण्ड तोक्न सक्ने छ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्र भित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हद भन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ ।

**५. स्वीकृति नलिई संरचना निर्माण गर्न नपाइने:**

(१) यस ऐनको दफा (३) बमोजिमका सडक र सडकका अधिकार क्षेत्र भित्र कसैले सम्बन्धित अधिकारीको स्वीकृति विना कुनै प्रकारका संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गर्न पाईने छैन ।

(२) उपदफा (१) बमोजिम कसैले कुनै पनी संरचना वा पूर्वाधार निर्माण गरेमा नगरपालिकाले समय तोकी खालि गर्न लगाउनु पर्नेछ र तोकिएको समयमा खाली नगरेमा त्यस्ता संरचना, पूर्वाधार भत्काई ब्यवस्थापन गर्न लाग्ने रकम सम्बन्धित पक्षवाट असुल गर्नु पर्नेछ ।

(३) कसैलाई कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा नगरपालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्दछ । यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने जाँच बुझ गरी खन्दा भत्काउँदा लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवालाबाट धरौटि लिएर मात्र नगरपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(४) भत्काएको सडक वा सडक सीमा पुनः भत्काउने सम्बन्धित व्यक्तिले पुनः निर्माण गरेपछि मात्र धरौटी रकम फिर्ता दिइने छ ।

(५) पहिलेदेखि चलि आएको कुनै सडकको विस्तार गर्नु परेमा उक्त सडकको दायाँ बायाँ थप जग्गा लिनु परेमा सम्बन्धीत जग्गा धनीसँगको सहमतीमा मात्र सडक वा पूर्वाधार बनाउनु पर्नेछ ।

**६. सडकको आवागमनमा बाधा पुऱ्याउन नहुने:**

(१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउँमा नगरपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई नगरपालिकाले सडकको छेउ लगाई राख्न वा आफना कब्जामा राख्ने गरी अन्यत्र लैजान समेत सक्नेछ ।

(३) कसैले सार्वजनिक सडकमा घरपालुवा जनावर छोड्न हुदैन । सो कारण चौपायमा भएको क्षतीको कुनै क्षती पुर्ती पाइनेछैन र चौपायको कारण कसैलाई पनी कुनै क्षती हानी भएमा उचित क्षतीपुर्ती तिर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई नगरपालिकाले सडकको छेउ लगाई राख्न वा आफ्नो कब्जामा रहने गरी कतै लगि राख्न सक्नेछ ।

## परिच्छेद ३
## जलस्रोतहरूको संरक्षण र उपयोग

७. जलस्रोतको उपयोग :

(१) नगरपालिका भित्र रहेका भूमिगत वा सतही जलस्रोतको अनधिकृत प्रयोगलाई निषेध गरी सो को संरक्षण गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

(२) जलस्रोतको उपयोग गर्दा देहाय बमोजिमका उपयोगका लागि क्रमस प्राथमिकता दिइने छ :

(क) पिउने पानी
(ख) सिँचाई
(ग) पानी घट्ट, औद्यागेगिक वा निर्माण प्रयोजन
(घ) जलविद्युत
(ङ) जल पर्यटन (जलक्रिडा लगायत)

(३) नगरपालिका क्षेत्र भित्र रहेका पानीको मुहान वा स्रोतको समूचित उपयोग र संरक्षण गर्ने अधिकार नगरपालिकालाई हुनेछ । मुहान सम्बन्धी विवादको निर्णय गर्ने अधिकार नगरपालिकामा निहित रहनेछ ।

८. **अनुमति लिनु पर्ने:**

(१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि व्यक्तिगत प्रयोजनको लागि बाहेक निम्नानुसार जलस्रोतको उपयोग गर्न पाउने छैन :

(क) सार्वजनिक वा समूहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न,
(ख) सामूहिक रुपमा जग्गाको सिंचाई गर्न,
(ग) व्यवसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,
(घ) जलक्रिडा जस्ता मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गर्न,
(ङ) व्यवसायिक रुपमा माईक्रो हाईड्रो, पानी घट्ट सञ्चालन गर्ने,
(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्न ।

(२) जलस्रोतको सामूहिक लाभ, व्यवसायीक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए वमोजिमका क्रियाकलाप गर्न नगरपालिकाको अनुमति लिनु पर्नेछ ।

(३) उपदफा (१) मा जे सुकै लेखिएको भएतापनि नेपाल सरकारको जलस्रोतको उपयोगको राष्ट्रिय प्राथमिकता आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुऱ्याउने छैन् ।

**९. खानेपानी, सिंचाई जस्ता जलस्रोतको सामुदायिक लाभ व्यवस्थापनः**

(१) नगरपालिका क्षेत्र भित्र खानेपानी, सिँचाई, पानी घट्ट, लघु जलविद्युत र ताल पोखरीको लागि जलस्रोत उपयोग गर्न परेमा सम्वन्धित क्षेत्रका उपभोक्ताहरू मिली जल उपभोक्ता संस्थाको गठन गरेर सो मार्फत अनुमति लिएर मात्र निर्माण र सञ्चालन गर्नुपर्ने छ ।

(२) यस ऐन तर्जुमा हुनुअघि नै संस्थागत रुपमा कुनै समूह वा संस्थाले उपयोग गरी आएको जलस्रोतलाई यो ऐन तर्जुमा भएको ६ महिना भित्र नगरपालिकामा दर्ता गराउनु पर्नेछ ।

**१०. जल उपभोक्ता संस्थाको गठनः**

(१) दफा ११ बमोजिमको लागि गठन हुने उपभोक्ता संस्थामा ९ देखि १५ जना सदस्यहरू रहन सक्नेछन्। उपभोक्ता संस्थामा ३३ प्रतिशत महिला र समावेसी प्रतिनिधित्व हुनु पर्नेछ ।

(२) यसरी गठन गर्न चाहने समूहले देहायको विवरणहरू सहित नगरपालिकाको जलस्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनुपर्दछः

(क) उपभोक्ता संस्थाको विधान
(ख) मुहान दर्ता भईसकेको भए, दर्ताको प्रमाण र नभएको भए स्रोतको विवरण

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने स्रोत

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणीय प्रभाव

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर छलफल र जाँचबुझ गरी नगरपालिकाले उपभोक्ता संस्था दर्ता गर्नेछ ।

(४) उपभोक्ता संस्था अभिछिन्न उत्तराधिकारवाला संस्था हुने छ । एक पटक छानिएको संस्थाको कार्य समितिको अवधि ३ वर्षको हुनेछ । अर्को पटकको लागि ३ वर्षे म्याद सकिनु १५ दिन अगावै उपभोक्ताहरूबाट नयाँ कार्य समितिको चयन गर्नुपर्ने छ ।

(५) संस्थाको कार्य सञ्चालन प्रक्रिया र विधि विधानमा तोकिए वमोजिम हुने छ । संस्थाले वार्षिक लेखा परिक्षण र तिर्नुपर्ने कर फर्स्यौट गर्नुपर्ने छ । नगरपालिकाको आर्थिक ऐन र प्रदेश कानुनले तोके वमोजिमको जलस्रोत उपयोग कर तिर्नुपर्ने छ ।

(६) यसरी तोकिए वमोजिम विधि प्रक्रिया अवलम्वन नगरेमा नगरपालिकाले उपभोक्ता संस्थाको दर्ता रद्द गरी नगरपालिकाको निर्णय बमोजिम गर्न सक्नेछ ।

**११. जलस्रोतको ब्यवसायिक उपयोगका लागि अनुमति लिनुपर्ने :**

(१) औद्योगिक प्रयोजन, जल मनोरञ्जन, १ मेगावाट सम्मको जलविद्युत आयोजना लगायतका जलस्रोतको ब्यवसायिक उपयोगका लागि सो को उपयोग गर्ने प्रोप्राइटर, कम्पनी वा संस्थाले नगरपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा १ वमोजिम एक मेगावाट सम्मको जलविद्युत उत्पादन गर्नुपरेमा देहायका विवरणहरू खुलाई नगरपालिकामा निवेदन दिनु पर्दछ ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्शा (मुख्य मुख्य संचरना समेत देखिने),

(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या र किसिम,

(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत

(घ) परियोजना सञ्चालनमा पर्ने वातावरणिय जोखिमहरू (वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन)

(३) उपदफा (२) बमोजिम परेको आवेदनमा नगरपालिकाको वातावरण र जलस्रोत हेर्ने शाखाले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले तीस दिनभित्र जलस्रोतको परिमाण, उपयोग अनुमतिको अवधि र वातावरणीय जोखिम न्यूनीकरणका शर्तहरू तोकी आवेदनकर्तालाई अनुमति प्रदान गर्न सक्ने छ ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै जलस्रोतको उपयोग गरिरहेको प्रोपाइटर वा संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले ३ महिनाभित्र अनुमति पत्रको लागि आवेदन दिनुपर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत स्थानीय र प्रदेश सरकारलाई कानुन बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा नगरपालिकामा उपयोग अनुमति हस्तान्तरणको लागि आवेदन दिनु पर्नेछ ।

परिच्छेद ४

## खानेपानी तथा सिंचाई ब्यवस्थापन सम्बन्धी व्यवस्था

१२. खानेपानी बोर्ड उपभोक्ता गठन गर्न सक्नेः

(१) नगरपालिका क्षेत्र भित्र नगरपालिका, नेपाल सरकार, प्रदेश सरकार वा अन्य दातृ संस्थाले निर्माण गरेका खानेपानी सेवालाई नियमित, व्यवस्थित र सुलभ बनाई भरपर्दो सेवा प्रदान गर्न गराउन नगरपालिकाले खानेपानी बोर्ड वा उपभोक्ता संस्थाको स्थापना गर्न सक्नेछ ।

(२) नेपाल सरकार, सार्वजनिक संस्थान र उपभोक्ता संस्थाको लागत सहभागितामा निर्माण भई सञ्चालनमा रहेका एक भन्दा वढि खानेपानी आयोजनाहरू मार्फत ५०० भन्दा बढी धाराहरूबाट खानेपानी सेवा प्रवाह गरिरहेको अवस्थामा स्थानीय खानेपानी बोर्ड वा उपभोक्ता संस्था बनाई सेवा प्रवाह गर्न सक्नेछन ।

(३) खानेपानी वोर्ड र उपभोक्ता संस्थाको गठन काम, कर्तव्य र अधिकार तोके बमोजिम हुनेछ ।

**१३. खानेपानी तथा सिंचाईको शुल्क निर्धारणः**

(१) खानेपानी तथा सिंचाईको शुल्क तथा महसूल निर्धारण गर्ने अधिकार नगरसभालाई हुनेछ ।

(२) खानेपानी तथा सिंचाईको शुल्क तथा महशुल निर्धारण गर्ने प्रक्रिया तोके बमोजिम हुनेछ ।

(३) नीजि क्षेत्रले खानेपानीको व्यवसायिक कारोबार गर्ने कार्य तोके बमोजिम हुनेछ ।

## परिच्छेद ५

## भवन निर्माण तथा शहरी विकास सम्बन्धी कार्यहरू

**१४. स्वीकृति नलिई निर्माण तथा विकास गर्न नहुनेः**

(१) नगरपालिका क्षेत्र भित्र व्यवस्थित, सुरक्षित र योजनाबद्ध विकासका लागि कसैले पनि नगरपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसंग सम्बन्धित गर्नु गराउनु हुदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि नगरपालिकाले भवन निर्माण सम्बन्धी निर्देशिका र मापदण्ड तयार गर्नेछ ।

(३) भवन निर्माण सम्बन्धि मापदण्डहरू स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम हुनेछ ।

**१५. भवनको दर्ता** : नगरपालिका भित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरूहरूको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनेछ ।

**१६. बस्ती विकासको लागि अनुमति दिनेः** नगरपालिका भित्र कुनै व्यक्ति समूदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा यसरी विकास गरी बिक्रि गर्ने प्रयोजनबाट बस्ति विकास परियोजना सञ्चालन गर्न चाहेमा नगरपालिका कार्यालयमा बस्ति विकासको बिस्तृत कार्य योजना सहित अनुमतिको लागि निवेदन दिनु पर्दछ ।

परिच्छेद ६

## पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

१७. पूर्वाधार आयोजना तर्जुमाः

(१) स्थानीय स्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्वन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरूको विकासका लागि योजना तर्जुमा गरि नगर सभाबाट पारित गर्नु पर्नेछ ।

(२) पूर्वाधार योजना तर्जुमा क्रममा देहाय बमोजिमका कुराहरू उल्लेख गरि आयोजनाको विवरण तयार गर्नुपर्नेछ ।

(क) आयोजनाको लक्ष्य

(ख) आयोजनाबाट फाईदा पाउने जनताको संख्या र फाईदाको किसिम,

(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र स्रोत

(घ) उपभोक्ताहरूबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान,

(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरुप

१८. लागत अनुमान तयार गर्नुपर्नेः

(१) नगरपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि वजेट विनियोजन गर्नु पूर्व प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ ।

(२) कुनैपनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट स्विकृत गराएर मात्र निर्माण कार्य अघि वढाउनु पर्नेछ ।

१९. पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनः

(१) नगरपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने अनुसूची १ मा उल्लेखित पूर्वाधारहरूको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका प्रक्रियाहरू अवलम्बन गरिनेछ :

(क) रु. पाँच लाख सम्मका आयोजना वा कार्यक्रम कोटेशनबाट गर्न सक्ने

(ख) रु. एक करोड सम्मका आयोजना वा कार्यक्रम उपभोक्ता समितिहरू मार्फत गर्न सक्ने

(ग) रु. एक करोडभन्दा माथीका आयोजना वा कार्यक्रम संघीय सार्वजनिक खरिद ऐनले तोके वमोजिम ठेक्काप्रक्रियाबाट मात्र गर्न सक्ने । रु. एक करोडसम्मका आयोजना पनि लागत सहभागिता नजुट्ने, यान्त्रिक उपकरण बढी प्रयोग हुने प्राविधिक रुपमा जटिल आयोजनाहरू ठेक्का प्रक्रियाबाट मात्र गर्नुपर्ने ।

(घ) निजी लगानी परिचालन भई हुने निर्माण तथा ब्यवस्थापन हुने कार्य साझेदारीमार्फत् ।

**२०. उपभोक्ता समिति मार्फत गर्न सकिने :**

(१) रु. एक करोडसम्मका निर्माण तथा मर्मत सम्भार कार्य गराउँदा सम्वन्धित लाभान्वित परिवारका सदस्यहरूको संलग्नतामा तोके बमोजिम उपभोक्ता समिति गठन गरी सो समिति मार्फत गर्न सकिनेछ ।

(२) उपभोक्ता समितिको कार्यकाल सो पूर्वाधार निर्माण वा मर्मत कार्य गर्न लाग्ने समयको दोब्बर हुने छ । निर्माण सकिएपछि पनि निर्माण अवधि वरावरकै वाँकी समय रेखदेख र सम्भारको जिम्मेवारी समेत सोही समितिले लिने छ ।

(३) यस्तो समिति मार्फत गरिने निर्माण कार्यमा उपभोक्ताहरूले न्यूनतम २० प्रतिशत नगद लागत सहभागिता बुझाउनु पर्नेछ ।

(४) नगद सहभागीताको रकम सम्वन्धित उपभोक्ताहरूबाट उठाई नगरपालिकाको खातामा जम्मा भएपछि मात्र निर्माण सम्झौता हुनेछ ।

(५) दफा २० संग सम्बन्धित थप ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. स्थानीय निर्माण व्यवसायी दर्ता गर्नेः

(१) नगरपालिकाले पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्य गर्ने प्रयोजनका लागि योग्यता पुगेका समूह वा व्यक्तिलाई स्थानीय निर्माण व्यवसायीको रुपमा तोके बमोजिम दर्ता गर्न सक्नेछ ।

(२) उपरोक्त स्थानीय निर्माण व्यवसायी हुन ईच्छुक समूह वा व्यक्तिले ब्यवसाय दर्ता गर्ने प्रयोजनको लागि यस ऐन बमोजिम नगरपालिका कार्यालयमा आवेदन दिनु पर्नेछ ।

(३) उपदफा(२) बमोजिम उपयुक्त देखिएका समूह वा व्यक्तिलाई

सम्बन्धित नगरपालिकामा निर्माण कार्य गर्ने ईजाजत सहितको व्यवसाय दर्ताको प्रमाणपत्र प्रदान गर्नेछ ।

(४) उपदफा (२) बमोजिम दिइएको निर्माण व्यवसाय दर्ताको अभिलेख अद्यावधिक गराई राख्नु पर्नेछ । उपदफा (२) बमोजिम का स्थानीय निर्माण व्यवसायीहरूले आफ्नो दर्ता प्रमाणपत्रको हरेक आर्थिक वर्षको पहिलो ३ महिना भित्र नवीकरण गराउनु पर्दछ ।

(५) स्थानीय निर्माण व्यवसायी हुन नगरपालिकाले तोके बमोजिम नगरपालिकामा व्यवसाय दर्ता भएको हुन पर्नेछ ।

**२२. पूर्वाधार मर्मत संभार कोषः**

(१) नगरपालिका भित्र रहेका नगर स्तरीय वा केन्द्र /प्रदेश स्तरीय पूर्वाधारहरूको नियमित तथा आवश्यकता अनुसारको मर्मत संभार गरी सेवा सुचारु गर्नको लागि पूर्वाधार मर्मत कोषको स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचना सडक, खानेपानी ईत्यादिबाट प्राप्त रोयल्टि रकमको पाँच प्रतिशत रकम दाखिला गरीनेछ ।

## परिच्छेद ७

## पूर्वाधार अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

**२३. पूर्वाधार अनुगमन समितिको गठनः**

(१) नगरपालिका क्षेत्र भित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निर्माण हुने ठूला आयोजना तथा नगरपालिकाको आफ्नै बजेटबाट निर्माण हुने पूर्वाधार निर्माण एवं मर्मतसम्भार कार्यहरू को गुणस्तर र समयवद्ध प्रगति अनुगमन गर्नका लागि सम्वन्धित क्षेत्रका लाभान्वित परिवारका सदस्यहरू मध्येबाट एक पूर्वाधार अनुगमन समिति गठन गरिनेछ ।

(२) पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) नगरपालिका उप–प्रमुख –अध्यक्ष

(ख) पूर्वाधारको मूख्य काम हुने वडाको वडाध्यक्ष –सदस्य

(ग) पूर्वाधार निर्माण सम्वन्धि ज्ञान भएका विज्ञ बढीमा २ जना –सदस्य

(घ) नगर कार्यपालिकाको कार्यलयका भौतिक पूर्वाधार शाखा प्रमुख –सदस्य सचिव

**२४. समितिको बैठक र निर्णय :**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

**२५. अनुगमन पश्चात निर्देशन दिन सक्ने :**

(१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकाय बाट सो कार्यको प्रस्तावित गुणस्तर र समयवद्ध प्रगति तालिका प्राप्त गरि सो वमोजिम अनुगमन गरेर निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) केन्द्र र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरूको निर्माण र सञ्चालनको अवस्था बारे सुझाव र सिफारिश गर्ने दायित्व समितिको हुनेछ ।

**२६. कारबाहीको सिफारिस गर्न सक्ने**: नगरपालिका क्षेत्रभित्र निर्माण कार्य भइरहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण ब्यवसायी कै लापरबाहीका कारण निर्धारित समय भित्रको प्रगति नदेखिएमा अनुगमन समितिले सम्वन्धित निर्माण ब्यवसायीलाई कारबाहीका लागि प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने र आफ्नो नगरपालिका भित्र उक्त ब्यवसायीलाई आगामी दिनमा काम नदिने ब्यवस्थाका लागि सिफारिस गर्न सक्नेछ ।

**२७. कालो सूचीमा राख्ने**:

(१) देहायको अवस्थामा नगरपालिका कार्यालयले सवै प्रकारका निर्माण व्यवसायीलाई भविश्यमा निर्माण कार्य नदिने गरि कालो सूचीमा राख्न सक्नेछ :

(क) कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहर भएमा,

(ख) पूर्वाधार निर्माणको लागि छनौट भई सम्झौता गरेर ३ महिना सम्म काम शुरु नगरेमा

(ग) सम्झौता अनुरुपको दायित्व पालना नगरेको वा सम्झौता बमोजिमको गुणस्तर नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरिद सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर त्रास वा धम्की दिई खरिद प्रक्रियालाई प्रभावित पर्ने कार्य गरेमा

(च) अन्य यस्तै कुनै कसूर गरेमा

(२) उपरोक्त बमोजिम कालो सूचीमा राख्दा कसूरको गाम्भिर्यताको आधारमा कालो सूचीको अवधी तोक्न सकिनेछ ।

२८. प्राविधिक मूल्याङ्कन गर्नु पर्ने :

(१) नगरपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरूको प्राविधिक मूल्याङ्कन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशाला वा साधनको व्यवस्थापन गर्न सकिनेछ ।

## परिच्छेद ८

## सार्वजनिक निजी साझेदारीमा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन

२९. **निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने** :

(१) यस ऐन बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, संस्था वा कम्पनी संग नगरपालिकाले खानेपानी, विद्युत, सडक, भवन, पार्क, पौडी पोखरी, व्यवसायिक भवन, सरसफाई लगायतसँग सम्बन्धित संरचना वा पूर्वाधारहरूको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी लगानीकर्तासँग साझोदारी गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरू अवलम्बन गरी नीजि साझेदारसंग लगानी प्राप्त गर्न र प्रतिफल वाँडफाँड गर्नेगरी निश्चित अवधिका लागि सम्झौता गर्न सक्नेछ :

(क) **सञ्चालन तथा व्यवस्थापन** : अधिकतम ५ वर्षका लागि

(ख) **निर्माण, सञ्चालन तथा हस्तान्तरण** : ७ देखि १५ वर्षका लागि

(ग) **निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण** : १५ देखि २५ वर्षका लागि

(घ) **लिज वा कन्सेसन** : सम्झौतामा तोकिए वमोजिम वा अधिकतम २२ वर्ष ।

(ङ) थप व्यवस्था सम्बन्धित बिषयगत ऐन कानुन बमोजिम हुनेछ ।

**३०. प्रस्ताव आव्हान गर्न सक्ने:**

(१) नगरपालिकाले दफा २९ बमोजिम पूर्वाधार संरचनाहरूको निर्माण वा मौजुदा संरचनाहरूको सञ्चालन तथा व्यवस्थापनका लागि मनसायपत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, संस्था वा नीजि ब्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायका विवरणहरू खोलि प्रस्ताव पेश गर्नु पर्दछ :

(क) निर्माण गर्नु पर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण

(ख) अनुमानित लागत

(ग) बित्तिय स्रोत

(ग) वातावरणीय प्रतिवेदन (आवश्यक भएको अवस्थामा)

(घ) कार्यान्वयनका विवरण

(ङ) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपायहरू,

(च) परियोजनाको नक्सा तथा ड्रोइङ, डिजाईन

(छ) प्रस्तावित शुल्क र करार अवधि

**३१. प्रस्ताव छनौट र सम्झौता :**

(१) प्राप्त भएका प्रस्ताव उपर नगरपालिकाले विज्ञ टोलीद्वारा तपसीलका आधारहरूमा मूल्याङ्कनका गराई प्रस्ताव छनोट गर्न सक्ने छ :

(क) पूर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर

(ख) प्रस्तावित निजी लगानी

(ग) सेवा शुल्क र रोयल्टि रकम

(घ) लिज अवधी

(ङ) प्रविधीको नौलोपन, स्थानीय रोजगारीको अवसर बृद्धि

(२) उपदफा (१) मा उल्लेखित आधारहरूबाट उपयुक्त देखिएको प्रस्तावक संग नगरपालिकाले अवधि किटान गरि साझेदारी सम्झौता गर्न सक्नेछ ।

**३२. सञ्चालन तथा व्यवस्थापन:**

(१) सम्झौता अवधिभरी पूर्वाधार संरचनाको संचालन तथा व्यवस्थापनको दायित्व सम्बन्धीत साझेदारको हुनेछ । सम्झौतमा हेरफेर गर्नुपरेमा निजी साझेदार वा नगरपालिकाको तर्फबाट एक अर्को लाई प्रस्ताव गर्नुपर्ने र आपसी समझदारीबाट बुँदाहरूमा हेरफेर हुन सक्ने छ ।

(२) नीजि सार्वजनिक साझेदारी सम्बन्धमा यस ऐनमा लेखिएको बाहेकको व्यवस्था संघिय नीजि सार्वजनिक साझेदारी संवन्धी ऐन बमोजिम हुनेछ ।

परिच्छेद ९

## वातावरण, भूसंरक्षण तथा वैकल्पीक उर्जा

**३३. वातावणीय प्रभाव मूल्याङ्कन सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिकाले ५ करोडदेखि १० करोड सम्म लागत भएका पूर्वाधार आयोजनाहरूको वातावरणीय परिक्षण र १० करोड भन्दा माथिको लागत भएका पूर्वाधारहरूमा वातावरण प्रभाव मूल्यांकन गराउनु पर्ने छ ।

(२) आयोजनाको वातावरणीय परिक्षण र स्वीकृति नगरपालिका स्वयंले गर्न सक्नेछ ।

(३) वातावरणीय परिक्षण प्रतिवेदन स्विकृतिको लागि सो को प्रतिलिपि नगरपालिकाको सार्वजनिक सूचना पाटीमा टाँस गरी ७ दिनको म्याद सहित सूझाब माग गर्नु पर्नेछ ।

**३४. बैकल्पिक ऊर्जालाई प्रोत्साहनः** पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा बैकल्पिक उर्जालाई प्रोत्साहन गर्नुपर्ने छ ।

(१) कुनै घरमा सोलार, वायोग्याँस, सुधारिएको चुल्हो लगायतका वैकल्पीक उर्जा जडान गर्नु अघि वडा कार्यालय मार्फत नगरपालिकामा जानकारी गराउनु पर्ने छ । यसरी जानकारी नगराएमा सरकारबाट पाउने अनुदान वा सहयोग दिइने छैन ।

**३५. भूक्षय नियन्त्रण सम्वन्धी कार्य गर्न सक्नेः**

(१) नगरपालिका भित्रको भूक्षय ग्रस्त सार्वजनिक जग्गा, पाखो, खोला किनार वा सडक किनारामा वाँस तथा फलफूलजन्य वनस्पतिको रोपण गर्न स्थानीय समूदायलाई अनुमति दिन सक्नेछ ।

(२) यस्तो कार्यका लागि सम्वन्धित क्षेत्रका ब्यक्ति वा समूहले स्थान तोकी वृक्षारोपणका लागि नगरपालिका समक्ष निवेदन दिन सक्ने छ ।

(३) वृक्षारोपणका लागि प्रस्तावित क्षेत्र ब्यक्तिले चर्चेको जमीन वा अन्य सार्वजनिक आवागमनमा वाधा पुर्याउने खालको हुनु हुँदैन ।

(४) प्रस्तावित स्थल उपयूक्त देखेमा नगरपालिकाले अधिकतम ७ वर्षका

लागि वृक्षारोपण गर्न र सो को उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्ने छ ।

(५) उपरोक्त बमोजिम अनुमति दिंदा सडक छेउको हकमा सम्बन्धीत सँधियारलाई प्राथमिकता दिनु पर्नेछ ।

## परिच्छेद १०
## विविध

३६. **अन्तर स्थानीय समन्वयः** एक भन्दा बढी नगर/गाँउ पालिका जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यका लागि नगर कार्यपालिकाबाट अनुमोदन गराई गर्नु पर्नेछ ।

३७. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित  कानून बमोजिम हुनेछ ।

३८. **नियम वनाउन सक्ने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

३९. **बचाऊः** यस ऐनको उद्देश्य तथा बिषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरू यसै ऐन वमोजिम भएको मानिनेछ ।

**आज्ञाले**
जसी प्रसाद चौलागाई
नि. प्रमुख प्रशासकीय अधिकृत